नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७०/७१–१०
चलानी नं. : १३८

CDS
and
Clearing Ltd.

## प्रेस विज्ञप्ति

धितोपत्र बजारको थप विकास एवं व्यवस्थित गर्ने प्रतिबद्धता सहित अगाडि बढिरहेको सिडिएस एण्ड क्लियरिङ्ग लि. ले यहि भाद्र ३१ गते देखि आश्विन १ गते सम्म आफ्ना सदस्यता प्राप्त निक्षेप सदस्यहरु तथा धितोपत्र बजारका सदस्य दलालहरुलाई सफट्वेयर प्रदायक कम्पनी CMC Ltd., Mumbai बाट पाल्नु भएको अतिथिहरुद्वारा "Working of Depository Participant and DP Back Office Software" नामक दुई दिने तालिम कार्यक्रम गौशाला स्थित होटल इन्द्रेणी हिमालयमा आयोजना गरेको छ ।

निक्षेप सदस्यहरुले आफ्नो मुख्य कार्यालय परिसरमा DP Secure Back Office Software जडान गरी आफ्नो सम्पूर्ण शाखा कार्यालयबाट निक्षेप सदस्य सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न सक्नेछन् । साथै यस Software को प्रयोग मार्फत् निक्षेप सदस्यहरुको कार्य अझै व्यवस्थित हुने तथा काठमाडौं बाहिरका हितग्राहीहरुले उत्तम निक्षेप सेवा पाउने कुरामा सिडिएस एण्ड क्लियरिङ्ग लि. विश्वस्त रहेको छ ।

उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुबोध शर्मा सिग्देलले निक्षेप सदस्यको कार्यको विकासको लागि यस्तो तालिम जरुरी भएको र यो संस्था भविष्यमा पनि यस्ता कार्यक्रमहरु संचालन गर्न इच्छुक रहेको जानकारी दिनु भयो । कार्यक्रमको अन्त्यमा कम्पनीका अध्यक्ष प्रा.डा. जीवनाथ धितालबाट समापन मन्तव्य प्रस्तुत गर्दै सम्पूर्ण सहभागीहरुको निक्षेप सदस्य सम्बन्धी कार्य संचालनमा यस्तो कार्यक्रमहरुले राम्रो ज्ञान तथा कार्य तालिम प्राप्त हुने कुरामा विश्वस्त भएको जनाउनु भयो ।

मिति : २०७०/०६/०४

Subodh

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com